नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१३० दायर मिति:-२०८१/०६/१५**

**फैसला मिति:-२०८१/०६/१५**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्र.ब.ना.नि. गोरख बहादुर शाहीको प्रतिवेदनले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.१६ नगवा टोलमा बस्ने जमदार देवानको छोरा वर्ष १९ को ईरफान देवान.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. मैले प्रहरीलाई गाली गलौज अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिशाल महतो समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०५।२६ गते राती अं.१०:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१६ बसपार्क स्थित प्रतिवादी ईरफान देवान पसल नजिक संकित रुपमा हिडडुल गरिरहेको देखि निज प्रतिवादीलाई फेला पारी सो सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादी रिस आवेशमा आई मसँग वादविवाद तथा गाली गलौज गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी ईरफान देवानलाई कैद दिन २० र जरिवाना रु.३०००/- अक्षरेपी तीन हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी ईरफान देवानलाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८१/०५/२६ देखि २०८१/०६/१४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.३०००/- असुल उपर गर्नु-----१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असोज महिना १५ गते मंगलवार रोज ३/ ने.सं. ११४४ ञलागा चतुर्दशी, शुभम् ........